# नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय

## रंगरोगन सम्वन्धी कार्यको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७३।११।२८)**

यस बैंकको सिद्धार्थनगर कार्यालयको भवनको छानो तथा आम्डगार्ड भवनमा रगंरोगंन गर्ने कार्य ठेक्का दिई गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक कालोसूचीमा नपरेका व्यक्ति/फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) बैकिङ्ग कारोवार समय ४:०० बजे भित्र यस बैंकको सिद्धार्थनगर कार्यालय, सिद्धार्थनगरबाट रु.५००।- (अक्षरेपी पांच सय मात्र) तिरी (पछि फिर्ता नहुने) खरिद गर्न सकिने छ । त्यसरी खरिद गरेको र आधिकारिक दस्तखत, छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनसम्म (सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) दिउसो १२:०० बजे भित्र यस बैंकको सिद्धार्थनगर कार्यालयमा सिलवन्दी दरभाउपत्र दाखिला गरी सक्नुपर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउंसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिनेछैन ।

४. सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा निवेदनका साथ फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र वा करको विवरण पेश गरेको प्रमाणको प्रतिलिपि अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

५. दरभाउपत्र साथ विडवण्ड वापत रु.२७,०००।- (अक्षरेपी सत्ताइस हजार मात्र) यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब (१९०९९९९/०११/००२/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन मान्य अवधि भएको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

६. दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम तथा सार्वजनिक खरिद ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

७. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालय, आन्तरिक प्रशासन फांट (फोन नं.०७१-५२०२६८) मा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय